नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रम

सिहंदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ४-०८१/०८२
च. नं./pmep/ १६६

मितिः २०८१।०८।१४

श्री स्थानीय तहहरु सबै, लुम्बिनी प्रदेश।

मार्फतः श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं।

**विषयः प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.ब. २०८०/०८१ को बार्षिक समिक्षा सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.ब. २०८०/०८१ को कार्यक्रम कार्यान्वयनको प्रभावकारिता, कार्यकुशलता र अपेक्षित नतिजा लगायत कार्यक्रमको अगामी कार्यनीति तथा रणनीति तय गर्न दुई दिवसीय वार्षिक समीक्षा (दुई समूहमा विभाजन गरी) गर्ने कार्ययोजना रहेकोले ताहाँ स्थानीय तह अन्तर्गत रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजक वा रोजगार संयोजक नभएको अवस्थामा उक्त पदको जिम्मेवारी वहन गर्ने १ (एक) जना कर्मचारीलाइ देहायको मिति, समय र स्थानमा प्रगती विवरण सहित अनिवार्य सहभागी गराइदिन हुन निर्णयानुसार अनुरोध छ।

**समिक्षा कार्यक्रम हुने मिति,समय र स्थानः-**

मितिः २०८१।०८।१९ र २० गते (बुधबार र विहिबार)
समयः बिहान ८:०० बजेदेखी
स्थानः होटल पौवा, तिलोत्तमा -३ योगिकुटी, रुपन्देही।

........................
नबराज सुबेदी
शाखा अधिकृत

**नोटः**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं. ४-०८१/०८२ च.नं. १९ मिति २०८१।०४।१४ को पत्रबाट उपलब्ध गराईएको निर्देशन अनुसारको स्लाईड, विवरणको ढाँचा तथा जिल्लागत प्रस्तुतिकरण सहित अनिवार्य सहभागीता गर्नुहुन।

२. समिक्षा कार्यक्रममा नियमानुसार दैनिक भ्रमण भत्ता तथा यातायात खर्च उपलब्ध गराईने हुँदा सहभागीले स्वीकृत भ्रमण आदेश सहित आवश्यक विवरण/कागजातहरु पेश गर्नु पर्नेछ साथै कार्यक्रम हुने दिनको खाजा/खाना (Breakfast and Lunch) बाहेक अन्य व्यवस्थापन (आवास तथा रात्री खाना) सहभागी स्वंले गर्नुपर्नेछ।